प्रदेश सरकार

उद्योग, पर्यटन ,वन तथा वातावरण मन्त्रालय

प्रदेश नं ३, हेटौडा मकवानपुर

जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिले व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको लागि आर्थिक तथा प्राविधिक प्रस्तावको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

१. **व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमीः**

नेपाल सरकारले गरिबी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम क्रमसः विस्तार गर्दै ७७ वटै जिल्लाका ७५३ वटै स्थानीय तहहरुमा सञ्चालन गर्दै आईरहेकोछ । यस आ.व. २०७६।०७७ मा यस प्रदेश अन्तर्गतका १३ वटै जिल्लाका ११९ स्थानीय तहहरुमा तोकेको लक्ष्य, कार्यक्रम र वजेटको आधारमा यो कार्यक्रम संचालन हुनेछ । यस कार्यक्रमको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा पेश भएका आशय पत्रहरुको मूल्याङ्कनबाट छनौट भएका योग्य ब्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नको लागि यो कार्य क्षेत्रगत शर्त तयार गरिएको छ ।

चालु आ.व.२०७६/७७ मा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सन्चालनको लागि प्रदेश नं ३ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयले प्राप्त प्राविधिक र आर्थिक प्रस्तावहरु मध्येवाट योग्यताक्रमका आधारमा सर्बोत्कृष्ट संस्थाहरु छनौट गरी सो संस्थासंग कार्यक्रम सन्चालनको लागि सम्झौता गरिने छ ।

*यस प्रदेश अन्तरगतका जिल्लाहरुमा देहाय बमोजिम हुने गरी सम्झौता गरिनेछ ।*

*१.१ आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्दा समग्र जिल्लाको लागि लक्ष्य तथा बजेट अनुसारको हुने गरी माग गरिनेछ।*

*१.२ व्यवसाय विकास सेवा प्रदायक संस्थाले जिल्लाको लागि प्राप्त लक्ष्य तथा बजेटको आधारमा आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुपर्नेछ ।*

*१.३ प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावहरु मध्येवाट योगयताक्रमको आधारमा रसुवा र भक्तपुर जिल्लामा प्रत्येक जिल्लाका लागि योग्यता क्रमको आधारमा सर्वोत्कृष्ट (पहिलो) भएको एक वटा व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गरिनेछ। अन्य वाँकि जिल्लाहरु जस्तै मकवानपुर, सिन्धुलि, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, काठमाण्डौ, नुवाकोट, धादिङ्ग र चितवन जिल्लाहरुमा प्रत्येक जिल्लाका लागि प्राप्त भएका प्रस्तावनाहरु मुल्याङ्कनका आधारमा पहिलो र दोस्रो भएका २ वटा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुलाइ छनौट गरिनेछ । पहिलो हुने संस्थालाइ कुन क्लष्टरमा काम गर्ने भनि पहिला रोज्न दिइने छ।*

*१.४ रसुवा र भक्तपुर जिल्ला वाहेकका दुइ वटा व्यवसाय विकास सेवा प्रदायक संस्था परिचालन गरिने अन्य जिल्लामा त्यस जिल्लाको कुल लक्ष्य, वजेट तथा कार्यक्रमलाई दुइ क्लष्टरमा विभाजन गरी क्रमश पहिलो र दोस्रो प्राथमिकतामा परेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुसंग सम्झौता*

*गर्नेछ । क्लष्टर अन्तर्गतको कार्यक्रमको बजेट तथा लागत सम्बन्धित व्यवसाय विकास सेवा प्रदायक संस्थाले आर्थिक प्रस्तावमा उल्लेख गरेको दरभाउ बमोजिम हुनेछ ।*

*१.५ कार्यक्रम संयोजक, प्रशासन तथा लेखा / तथ्यांक सहायक जस्ता जनशक्तिहरु क्लष्टर विभाजन गर्दा प्रत्येक क्लष्टरमा एक एक जना हुनेछ भने उद्यम विकास सहजकर्ता प्रत्येक क्लष्टरमा ६ जना ( जस मध्ये १ जना बिगत ३ बर्षको तथ्याक सँकलनका लागि सहित ) हुनेछ ।*

*१.६ प्रस्तावित कुनै कामको अंश सेवा प्रदायक संस्थाले सवकन्टयाकमा दिन पाउने छैन।*

२. **गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्यः**

अति विपन्न वर्ग, गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिवासी जनजाती, मधेशी वा आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेका जनसमुदायलाई उद्यमशिलताको माध्यमबाट उद्यमी सृजना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गर्दै उनीहरुको आयस्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

३. **कार्यक्रम लागू हुने क्षेत्र तथा लक्ष्यः**

यो कार्यक्रम प्रदेश नं ३ अन्तर्गतका १३ वटा जिल्लाका २४ वटा क्लष्टरहरु तथा ११९ स्थानीय तहहरुमा लागु हुनेछ । यस प्रदेश मातहतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय र विकास समितिका कार्यालयहरुले जिल्ला समन्वय समितिको समन्वयमा लघु उद्यम विकासका लागि उपलब्ध श्रोत, बजार र लक्षित वर्गको आधारमा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसारका स्थानीय तहमा कार्यक्रम संचालन गर्ने गरी कार्यक्षेत्र निर्धारण गर्नेछ । आ व २०७६/७७ का लागि निम्न जिल्लाहरुमा निम्न अनुसारको नयाँ उद्यमि सृजना गर्ने र विगतका वर्षहरुमा सृजना भएका पुराना उद्यमिहरुको स्तरउन्नति गर्ने लक्ष हुनेछ।

| क.स. | जिल्लाको नाम | जिल्लागत लक्ष (सख्यामा) | |
|---|---|---|---|
| | | नयाँ उद्यमी सृजना | स्तारोन्नती |
| १ | चितवन | ३९२ | २४० |
| २ | मकवानपुर | ३९२ | २४० |
| ३ | धादिङ्ग | ३९२ | २४० |
| ४ | नुवाकोट | ३९२ | २४० |
| ५ | रसुवा | २६१ | २०० |
| ६ | काठमाण्डौ | ३९२ | २४० |
| ७ | भक्तपुर | २६१ | २०० |
| ८ | ललितपुर | ३९२ | २४० |
| ९ | काभ्रेपलाञ्चोक | ३९२ | २४० |
| १० | सिन्धुपाल्चोक | ३९२ | २४० |
| ११ | दोलखा | ३९२ | २४० |
| १२ | रामेक्षाप | ३९२ | २४० |

| | | | |
|---|---|---|---|
| १३ | सिन्धुलि | ३९२ | २४० |
| | जम्मा | ४८३४ | ३०४० |

यसरी निर्धारण गरिएका स्थानीय तहमा लघु उद्यम विकासका लागि सो स्थानीय तहबाट छुट्याइएको श्रोत र निर्धारण गरेको लक्ष्यलाई समेत समावेश गर्न सकिनेछ । त्यसका लागि छनौट भयका व्यवशाय सेवा प्रदायक संस्थाहरुले तोकिएको कार्यक्षेत्रको स्थानीय तह संग समन्वय गर्नु पर्ने छ।

अधिकतम बजेट सिमा

- नयाँ लघु उद्यमी सिर्जना प्रति उद्यमी रु २५,०००।००
- स्तरोन्नती प्रति उद्यमी रु १०,०००।००

व्यवसाय विकास सेवा प्रदायकसंस्थाले पेस गरेको आर्थिक प्रस्तावमा नयाँ लघु उद्यमी सिर्जना तर्फ प्रति उद्यमी रु २५,०००।०० र स्तरोन्नती तर्फ प्रति उद्यमी रु १०,०००।०० भन्दा बढि हुने गरि आर्थिक प्रस्ताव पेस गरेको पाईएमा यस्ता आर्थिक प्रस्ताब मान्यहुने छैन।

*आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने विषयमा कुनै जानकारि चाहियमा प्रस्ताव पेश गर्ने वाला सेवा प्रदायक संस्थाले सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग विकास कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय संग जानकारी लिन सक्ने छन।*

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरुः

४.१ नयाँ उद्यमी सृजना तर्फः

नयाँ उद्यमी सृजना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमवाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमीहरू गणना गर्दा उद्यम सुरुवात गरिसकेको अवस्थालाई जनाउनेछ । लक्षित नयाँ उद्यमी सृजना गर्दा कुल उद्यमी मध्ये स्थानीय तहको जनसख्याको अनुपातमा महिला ७०%, जातियताको आधारमा दलित ३०%, आदिवासी जनजाती ४०%, उमेरको आधारमा युवा (१६-४० बर्ष) ६०% तथा जिल्लाको समग्र लक्ष्यको ४० % मधेशी (मधेशी बसोबास भएका जिल्ला अन्तरगतको क्लष्टरमा) हुनुपर्ने छ ।

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययनः** कार्यक्रम संचालन गर्नका लागि तोकिएका स्थानीय तहको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय तथा विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरणः** कार्यक्रम संचालन गर्नका लागि छनौट भएका संस्थाले स्थानीय तहका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्नेछ। अभिमुखीकरण

कार्यक्रमका माध्यमबाट बजार, स्रोत सम्भाव्यता र लक्षित वर्ग बारे सुनिश्चित गर्ने र संभावित कार्यक्षेत्र, बस्ती वा टोल छनौट गरी प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(ग) **उद्यम विकास समिति गठन/पुनरगठन तथा सहजीकरणः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (चौथो संशोधन) बमोजिम उद्यम विकास समिति परिचालनमा सहजीकरण गर्नुपर्नेछ ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखाः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्बन्धित स्थानीय तहका लागि निर्धारित गरेका वडाहरु र समुदायमा सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Appraisal - PRA) गर्नुपर्नेछ । सम्बन्धित स्थानीय तहमा गरिएको अभिमुखीकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा/वस्तीमा बसोबास गरेका समूहहरु मध्येबाट तोकिएको संख्यामा (कम्तिमा २०-२५ जना) सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत, बजार र सिपको संभाव्यता पहिचान गर्नुपर्नेछ ।

(ङ) **सर्वेक्षण प्रकृयाः** PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिव र अति गरिव परिवारको फाराम A भर्ने र उक्त परिवार गरिबीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्षभित्रका बेरोजगार सदस्यको फाराम B भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यवसाय गरिरहेको वा व्यवसाय गरेर बन्द भएको पाइएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा संभावित उद्यमीहरु छनौट गर्ने । सर्वेक्षणको लागि आवश्यक फाराम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० (चौथो संशोधन) मा व्यवस्था भए वमोजिम कार्यालयले उपलब्ध गराएको नमूना अनुसारका फारामहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा भरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी soft copy र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(च) **समूह निर्माण र क्षमता अभिवृद्धिः** फारम A, B र C को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, समूहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण (उत्पादन, विक्रि, ऋण लगानी) सम्बन्धी बिषयमा सुशिक्षित गर्ने ।

(छ) **उद्यमशिलता विकास तालिमः** सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुको लागि अनुकुल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार निर्धारित सबै स्थानीय तहका छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको व्यवसाय सुरु र सुधार तालिम (Start and Improve Your Business - SIYB) तालिमको दुईवटा चरण TOPE, TOSE र एक दिनको लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्नु

पर्नेछ । यसरी तालिम सन्चालन गर्दा TOPE र TOSE तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्नेछ ।

(ज) **सिप विकास तालिम संचालनः** व्यवसाय सुरु र सुधार तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा निर्देशिकाको दफा २१ बमोजिमको प्राविधिक सिप विकास तालिम प्रदान गर्नुपर्नेछ। सिप विकास तालिम प्रदान गर्दा तालिमको पाठ्यक्रम र तालिम प्रशिक्षक नेपाल सरकारवाट मान्यता प्राप्त भएको हुनुपर्नेछ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र सो अनुसार प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधी भन्दा कम भएमा संचालित कार्यक्रमको अवधीको गणना गरी दामाशाहीको हिसावले रकम भुक्तानी गरिनेछ ।

उदाहरणः लामो अवधिको तालिम ९० दिन पुग्नु पर्नेमा लामो अवधी भनी संचालन भएको तालिम केवल ७० दिनमा सम्पन्न भएको पाइएमा प्रस्तावित सिप विकास तालिममा उल्लेख गरिएको रकमलाई ९० ले भाग गरी प्राप्त भागफललाई ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिइनेछ ।

(झ) **लघुकर्जा पहुँचका लागि सहजीकरणः** लघु उद्यम संचालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

(अ) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूँजि छ र त्यसबाटै लघु उद्यम संचालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजीकरण गर्ने ।

(आ) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी स्थानीय स्तरमा संचालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरु सँग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्बन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई लघु कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

(इ) अति विपन्न जसको आफ्नो स्थानमा उद्यम संचालनका लागि आफ्नो निजि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम संचालनमा सहजीकरण गर्ने । यसको लागि घरेलु तथा साना उद्योग कार्यालय तथा विकास समिति सँग समन्वय र सहकार्य गर्ने ।स्थानिय सरकारहरु संग यस्तो प्रयोजनका लागि बजेट भएमा समन्वय गरि थप प्रभावकारि रुपमा साझा सुविधा केन्द्र वा उद्यमघर बनाउन पहल गर्ने।

यस प्रकार लघु उद्यमी सृजनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द्र र स्वलगानी र लघु कर्जा मार्फत उद्यम संचालन गर्नेहरुको विवरण अद्यावधिक गर्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी सृजनाको लक्ष्य मध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ । कुन कुन उद्यमि ले कुन कुन वित्तीय संस्था वाट लघुकर्जा

प्राप्त गरे त्यसको विवरण व्यवसाय विकास सेवा प्रदायक संस्थाले आफ्नो प्रतिवेदनमा स्पष्ट खुलायको हुनु पर्ने छ।

(ञ) **व्यवसाय विकास परामर्श तथा बजार विस्तारः** कार्यक्रम संचालन भएका सबै स्थानीय तहका उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण सञ्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) **उपयुक्त प्रबिधिमा पहुँचका लागि प्रविधी हस्तान्तरण र सहजीकरणः** तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि प्रविधि पहिचान तथा सम्बन्धित निकाय सँग समन्वय गरी कम्तिमा सेवा प्रदायक संस्थाको तर्फवाट ८० प्रतिशत र सहभागीको तर्फबाट २० प्रतिशतको अनुपातमा उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै सिप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत माथि उल्लेखित लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्नेछ ।

(ठ) **साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरणः** अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक उद्यमीहरुलाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० (चौथो संशोधन) अनुरुप साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने ।

(ड) **लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबीः** विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा समूहहरुलाई अभिमुखीकरण गराई सम्बन्धित निकायसँग समन्वय र सहकार्यको लागि सहजीकरण गर्ने र जिल्लास्थित लघु उद्यमीहरुको समूह तथा संस्थासंगको सहकार्यमा स्थानीय तह तथा अन्य कार्यालयहरुसंग बजेट तथा कार्यक्रम विनियोजनको लागि पैरवी र वकालत गर्ने ।

(ढ) **तथ्याङ्क विबरण अध्यावधिक गर्नेः** व्यवसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी सृजनाको लागि गरिएका हरेक कृयाकलापहरुको विवरण अध्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको Web based GESIMIS database system अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी आद्यवधिक गरेको तथ्यांकको एक प्रति रकम भुक्तानी दिने कार्यालयलाई वुझाउनु पर्नेछ । GESIMIS database मा देहायका ८ विवरणहरु प्रविष्टि नभएसम्म उद्यमी सृजना भएको नदेखिने हुँदा त्यसलाई विशेष ध्यान दिनुपर्नेछ ।१) समूह निर्माण, २) TOPE तालिम, ३) TOSE तालिम, ४) व्यवसायिक योजना, ५) सिप विकास तालिम वा व्यवसाय व्यवस्थापन परामर्श, ६) बजार सर्वेक्षण, ७) ऋण लगानी वा स्वलगानी र ८) उद्यमको नाम

### ४.२ उद्यमीको व्यवसाय स्तरोन्नति तर्फः

लघु उद्यम विकास कार्यक्रम (MEDEP) र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) बाट प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी देहाय अनुसारका कार्यहरु गर्नेः

क) स्तरोन्नतिका लागि आवश्यकता पहिचान गर्ने ।

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुनर्ताजगीका लागि सिप विकास तालिम संचालन गर्ने ।

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा सेवा प्रदायक संस्थाको तर्फबाट ८० प्रतिशत, उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, वजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

ङ) स्तरोन्नतिका लागि गरिएका सम्पूर्ण कृयाकलापहरुको तथ्यांक तथा विगत ३ बर्ष भित्र मेडेप तथा मेडपा अन्तर्गत प्रबर्द्धन गरिएका लघु उद्यमीको तथ्यांक विवरण GESIMIS Database मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिवेदन कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने । माथि नं १ को १.५ मा भने अनुसार तथ्याङ्क संकलनकालागि १ जना EDF लाइ जिम्मा दिने।

च) सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिई समन्वय गरी गर्ने र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिबेदन लगायतको बिवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गर्ने ।

४.३ खर्चको सार्वजनिक सुनवाईः व्यबसाय विकास सेवा प्रदायक संस्थाले गरेका हरेक कृयाकलापको साबर्जनिक सुनवाई गरेको प्रतिबेदन अनिवार्यरुपमा उद्योग विकास शाखामा पेश गर्नुपर्ने छ ।

५. **व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, दर्ता, समावेशिता, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः**

क) **सस्थाको अनुभव, दर्ता, भौगोलिकता, समाबेशिता तथा कार्य क्षमताः** लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा गरिबी निवारणको क्षेत्रमा काम गरेको अनुभव भएको हुनु पर्ने छ। कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित जिल्ला, सोहि प्रदेशको अन्य जिल्ला र अन्य प्रदेशका जिल्लाका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको प्रस्तावना उपर क्रमश पहिलो, दोश्रो र तेस्रो प्राथमिकता दिईने छ। व्यवसायिक विकास सेवा प्रदायक संस्थाको मुल्याङ्कन गर्दा अङ्क वरावर भएमा उपरोक्त प्राथमिकता नै कायम गरिने छ। प्रस्तावना पेश गरि कार्यक्रम संचालन गर्न खोजिएको जिल्लामा दर्ता नभएका संस्थाहरुले प्रस्तावना पेश गरिएको जिल्लामा काम गर्नका लागि अनुमति लिएको हुनु पर्ने छ। महिला, जनजाति (महिला वा पुरुष), दलित (महिला वा पुरुष ) ले नेतृत्व गरेको संस्थालाइ प्राथमिकता दिइने छ। यसका लागि संस्थाको नेतृत्व गरेको व्याक्तिको सम्बन्धित जिल्लाको जिल्ला प्रशाशन कार्यालयवाट जनजाति, दलित, वा मधेशी भनि प्रमाणित प्रमाणपत्रको नोटरि पव्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्ने छ।

ख) जनशक्तिः

अ) कार्यक्रम संयोजकः १ जना

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः स्नातक वा सो सरह हुनु पर्नेछ । स्नातकोत्तर उपाधि हासिल गरेकोलाई ग्राहयता दिइनेछ ।

२. अनुभवः लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको वा गरिवि निवारणको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. स्थानीय कार्यक्रम संयोजक लाइ प्राथमिकता दिइनेछ।

आ) उद्यम विकास सहजकर्ताः ६ जना (जस मध्ये १ जना बिगत ३ बर्षको तथ्याक सँकलनका लगि )

१. आबश्यक न्युनतम योग्यताः सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण (HH Survey), उद्यमशिलता विकास (SIYB) जस्ता तालिम लिई उद्यम विकास सहजीकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा कम्तिमा तह २ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ महिने प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको हुनपर्नेछ ।

२. अनुभवः लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. स्थानीय उद्यम बिकास सहजकर्तालाई प्राथमिकता दिइनेछ।

इ) कम्प्यूटर अपरेटरः १ जना

१. आबश्यक न्यूनतम योग्यताः कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा जुनसुकै बिषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिने ( १८० दिन ) कम्प्यूटर तालिम लिएको ।

२. अनुभवः GESIMIS Software सम्बन्धी कार्य अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. स्थानीय कम्प्यूटर अपरेटर लाइ प्राथमिकता दिइनेछ।

ई) लेखा तथा प्रशासन सहायकः १ जना

१. आवश्यक न्यूनतम योग्यताः व्यवस्थापन विषयमा कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

२. अनुभवः सम्बन्धित कार्यक्षेत्रमा अनुभवीलाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. स्थानिए लेखा तथा प्रशासन सहाययक लाइ प्राथमिकता दिइनेछ।

**प्रस्तावना पेश सम्वन्धि महत्वपुर्ण जानकारी हरु।**

क) तोकिएको संख्यामा माथि उल्लेखित उद्यम विकास सहजकर्ता र अन्य कर्मचारि प्रस्ताव नगरेका प्रस्तावना मान्य हुने छैनन् । एउटै पदका लागि १ भन्दा बढि कर्मचारि प्रस्ताव गरेको पाईएमा कुनै एक जनाको मात्र मुल्याङ्कन गरिने छ।

ख) प्रस्तावित कर्मचारि हरुको अन्य सूचना उपलब्ध भएतापनि कुन पदका लागि प्रस्तावित गरियको हो भन्ने कुरा नखुलेको अबस्थामा त्यस्ता कर्मचारि हरुको मुल्याङ्कन गरिने छैन। माथि उल्लेखि कर्मचारि को पद हुबहु मिलेमा मात्र मुल्याङ्कन हुनेछ। उदारणका लागि प्रस्तावित कर्मचारि को पद लेखा तथा प्रशासन सहायक हुनु पर्नेमा लेखा सहायक वा प्रशासन सहायक वा लेखा तथा प्रशासन अधिकृत इत्यादि भयमा यस्ता कर्मचारिको वायोडाटा लाई मुल्याङ्कन गरिने छैन।

ग) प्रस्तावित कर्मचारिहरु सामाजिक समाबेशिका हिसाव ले महिला, आदिवासि जनजाति, दलित र मधेशि कर्मचारिलाई प्राथमिकता दिइने छ। तर यस्तो प्राथमिकता मा पर्नका लागि सम्बन्धित कर्मचारिहरुको सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारि वाट आदिवासि जनजाति, दलित र मधेशि भनि प्रमाणित भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गरेको हुनु पर्ने छ। त्यसैगरि प्रस्तावित कर्मचारि हरु स्थानीय लाई प्राथमिकता दिइने छ।

घ) प्रस्तावित कर्मचारीहरुको नियूक्ति (संस्था छनौट भएको अबस्थामा काम दिन र काम गर्न दुवै पक्ष वाट मञ्जुरि भएकोको पत्र वा प्रतिवध्दता पत्र), नागरिकताको प्रमाणपत्र, सम्पुर्ण सैक्षिक प्रमाणपत्रहरु, तालिम तथा कार्य अनुभवका प्रमाणपत्रहरु, निजहरुले सेवा प्रदायक संस्थासंग काम गर्न गरेको प्रतिबद्धता पत्र हरुको प्रतिलिपि नोटरी पव्लिकद्धारा प्रमाणित हुनु पर्नेछ । प्रस्थावित कर्मचारीहरुको कार्य अनुभवको लागि जुन संस्थाले प्रस्तावित गरेको छ सोही संस्थाले दिएको कार्यअनुभवको शिफारिसलाई मान्यता दिइने छैन ।

ङ) प्रस्तावित कर्मचारिहरुको कार्यअनुभवको प्रमाणपत्रहरुमा कार्यअनुभबको अबधि २ वा २ भन्दा बढि संस्थासंग ओभरल्याप भयको भेटिएमा ओभरल्याप भयका कुनै पनि अनुभबलाइ मान्यता दिइने छैन।

च) प्रस्तावना पेस गर्ने सेवा प्रदायक संस्थाको प्रमुख वा अध्यक्षको नागरिकताको प्रमाणपत्र, यदी साझेदारि (JV) मा प्रस्तावना पेस गरिएको भएमा दुवै संस्थाका प्रमुख वा अध्यक्षको नागरिकताको प्रमाणपत्र र सेवा प्रदायक संस्थाको नाममा भवन वा जग्गा भयमा भवन सम्पन्नताको प्रमाण पत्र र जग्गाको लालपुर्जाको प्रतिलिपि नोटरी पब्लिकवाट प्रमाणित गराई पेस गर्नु पर्ने छ।

छ) प्रस्तावना पेस गर्ने सेवा प्रदायक संस्थाको नाममा लेन्ड लाईन टेलिफोन भएमा त्यसको प्रमाण र संस्थाले संस्थाको नामको website चालु अबस्थामा भएमा त्ससको जानकारि उपलब्द गराउनु पर्ने छ।

६. प्रस्तावको ढाँचाः

प्रस्ताबको ढाँचा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं ३ को बेवसाइट moitfe.p3.gov.np बाट प्राप्त गर्न सकिने छ ।प्रारम्भिक छनौटमा परेका संस्थाहरुले तोकियको प्रस्तावना ढाँचा अनुसार नै आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गरेको हुनु पर्ने छ।

७. प्रस्ताव पेश गर्ने तरीकाः

प्रस्ताव पेश गर्न आव्हान गरिए वमोजिम प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा सीलवन्दी गरी खाम वाहिर आर्थिक वा प्राविधक कुन प्रकारको प्रस्ताव हो सो कुरा स्पष्टरुपले उल्लेख गरि दुवै प्रस्तावलाई छुट्टा छुट्टै खाममा बन्दि गरि खामको वाहिर पठाउने र पाँउनेको नाम ठेगाना समेत लेखि कुन जिल्लाको लागि प्रस्तावना पेश गरिएको हो सो समेत खुलाई तोकियको समय भित्र पेश गर्नु पर्ने छ।

८. जनशक्ति परिचालनः

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरीएका जनशक्ति नै कार्यक्रम कार्यान्वयनको क्रममा अनिवार्यरुपमा परिचालन गर्नु पर्नेछ । काबु भन्दा बाहिरको परिस्थितिमा जनशक्ति परिवर्तन गर्नु परेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकिएको शैक्षिक योग्यता तथा कार्य अनुभव) जनशक्ति परिचालन गर्न सकिने छ ।

एकै जनशक्ति (कर्मचारि) प्रस्ताव गरि एकभन्दा बढि जिल्ला वा कार्यक्षेत्रका लागि प्रस्तावन पेश गरेको पाईएमा मन्त्रालयले नै कुनै एकमात्र जिल्लाको लागि मान्यता दिनेछ।तर एक भन्दा बढि संस्थाले एकै जनशक्ति (कर्मचारि) प्रस्ताव गरि प्रस्तावना पेश गरेको पाइएमा सम्बन्धित जिल्लाको उद्यम विकास समिति को राय लिइ सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय वाट २ वा २ भन्दा बढि सस्थामा प्रस्तावित नाम दोहोरिन गएका कर्मचारिहरु संग पत्रचार वा ई मेल मार्फत निजले कुन संस्थासंग काम गर्न इच्छुक हो भन्ने कुरा निधो गरि सोहि अनुसार मुल्याङ्कन हुनेछ। तर त्यस्ता कर्मचारि संग तोकिएको समय भीत्र सम्पर्क हुन नसकेमा वा सम्बन्धित कर्मचारिवाट तोकिएको समय भित्र कुन संस्थासंग काम गर्न इच्छुक हो भन्ने वारे लिखित जानकारि उपलब्ध नगराएको अबस्थामा २ वा २ भन्दा बढि संस्थामा प्रस्तावित भएका कर्मचारिहरुको कुनै पनि संस्थामा मुल्याङ्कन गरिने छैन।

९. प्रस्ताव मूल्यांकन गर्ने तरिकाः

मूल्यांकन गर्दा खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताब गर्ने प्रस्ताबकलाई २० अंक प्रदान गरिने छ ।रसुवा र भक्तपुर जिल्लामा पहिलो हुने प्रस्ताव/संस्थालाइ र अन्य वाँकी जिल्लाहरुमा पहिलो र दोस्रो हुने प्रस्तावहरु/संस्थाहरुलाई छनौट

गरिने छ । अन्य प्रस्तावहरुलाइ/संस्थाहरुलाइ बढि अंक प्राप्त गरेको आधारमा क्रमशः बैकल्पिक सूचीमा राखिने छ ।

**१०. विविधः**

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित), गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका (संशोधन सहित) र अन्य प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

**११. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरुः**

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावली अनिवार्य पेश गरेको हुनु पर्ने छ र यसमा उल्लेखित उद्धेश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष भएको हुनुपर्ने छ ।

ख) व्यावसायिक विकास सेवा प्रदायक संस्था विधिवत दर्ता भई आ.व २०७६/७७ का लागि नवीकरण भएको हुनु पर्नेछ

ग) आ.ब. २०७५/७६ को कर चुक्ता भएको हुनु पर्नेछ ।

घ) मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ङ) कार्यदिशमा उल्लेख भएका जनशक्ति उपलब्ध हुनु पर्नेछ

च) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

छ) तोकिएको ढाँचामा प्राबिधिक प्रस्ताब पेश गरेको हुनु पर्ने छ।

ज) तोकिएको ढाँचामा आर्थिक प्रस्ताब पेश गरेको हुनु पर्ने छ।

झ) आशयपत्र मूल्याङ्कनबाट छनौट भई सार्वजनिक सूचनामा उल्लेख भएका संस्थाहरु बाहेक अन्य संस्थाहरुको प्राबिधिक र आर्थिक प्रस्ताब मान्य हुने छैन ।

ञ) व्यवसाय विकास सेवा प्रदायक संस्थाको कार्यअनुभबको प्रमाण पत्र अनिबार्यरुपमा नोटरी पब्लिकवाट प्रमाणित गराइ पेश गर्नु पर्ने छ । यसरि नोटरी पब्लिकवाट प्रमाणित नगराइ पेस भएमा त्यसलाइ मान्यता दिइने छैन।

ट) जुन संस्थाले काम लगाउने हो सोही संस्थाले प्रमाणित गरेको कार्य अनुभब मान्य हुने छैन।

ठ) साझेदारि (JV) मा प्रस्तावना पेस गरिएको भएमा साझेदार सवै व्यावशायिक विकास सेवा प्रदायक संस्थाहरुको माथि बुदा नं ११ अन्तरगत (क) (ख) (ग) (घ) (च) र (ञ) मा उल्लेखित शर्तहरु पुरा भएको हुनु पर्ने छ। साझेदारि (JV) मा प्रस्तावना पेस गरिएको भएमा साझेदार सवै व्यावशायिक विकास सेवा प्रदायक संस्थाहरुको विच भयको सझौता पत्रको प्रमाणित प्रतिलिपि पेस गरेको हुनु पर्ने छ।